प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.: ०४१-५२५२७५
Fax No.: 041528702
Email : intlawpradesh2@gmail.com

प.सं.. २०७६।०७७
च.नं.

मितिः२०७६।११।२३

**कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट जोगिन आवश्यक सतर्कता अपनाउने सम्बन्धी अत्यन्त जरुरी सूचना।**

कोरोना भाइस (कोभिड-१९) छिमेकी मित्र राष्ट्र चीनबाट शुरु भई विश्वव्यापी माहामारिको रुपमा फैलिदै गएको र विश्व स्वस्थ्य संगठनले नेपाल पनि यसको सम्भावित संक्रमणको उच्च जोखिममा रहेको प्रतिक्रिया व्यक्त गरेको सन्दर्भमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट जोगिन सर्वसाधारण स्तरबाटै सतर्कता अपनाउनु पर्ने आवश्यक्ता महशुस गर्दै आसन्न होलि पर्वलाई समेत ध्यानमा राखि सबै प्रकारका भेला, सभा सम्मेलन, कार्यक्रम तथा मानिसहरुको जमघट हुने औपचारिक/अनौपचारिक कार्यक्रमहरु लगायत सामाजिक, धार्मिक कार्यक्रमहरु सकभर नगर्न साथै अत्यावश्यक काम बाहेक भिडभाडमा नजान र जानु पर्ने अवस्थामा मास्कको प्रयोग गर्नका साथै व्यक्तिगत सरसफाइमा समेत ध्यान पुऱ्याई कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट जोगिन/जोगाउन सम्बन्धित सबैमा आन्तरिक मामिला तथा कानून मन्त्रालय आग्रह गर्दछ ।

कोरोना भाइरस (कोभिड-१९) को बाहानामा औषधी, मास्क, सेनिटाइजर र दैनिक उपभोग्य वस्तुहरुको आपूर्तिमा कालोबजारी र कृतिम अभाव हुन नदिन त्यस्ता कार्यमा संलग्न व्यक्तिहरुलाई तत्काल कानूनी कारबाहीको दायरामा ल्याउने कार्यमा आवश्यक सहयोग पुऱ्याउन सम्बद्ध सबैमा यसै सूचना मार्फत अपिल गरिन्छ ।

.............................
(नितु दुबे)
प्रवक्ता

प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा, नेपाल
फोन नं.: ०४१-५२५२७५
Fax No.: 041528702
Email : intlawpradesh2@gmail.com

प.सं. २०७६।०७७
च.नं. ६६८

मितिः २०७६/११/२२

विषयः- कोरोना भाइरस(कोभिड-१९)को संक्रमणप्रति आवश्यक सतर्कता, रोकथाम र नियन्त्रण सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी ।

कोरोना भाइरस (कोभिड-१९) छिमेकी मित्र राष्ट्र चीनबाट शुरु भई विश्वव्यापी माहामारिको रुपमा फैलिदै गएको र विश्व स्वास्थ्य संगठनले नेपाल पनि यसको सम्भावित संक्रमणको उच्च जोखिममा रहेको प्रतिक्रिया व्यक्त गरेको सन्दर्भमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट जोगिन सर्वसाधारण स्तरबाटै सतर्कता अपनाउनु पर्ने आवश्यकता महशुस गर्दै आसन्न होलि पर्वलाई समेत ध्यानमा राखि तहाँ जिल्ला भित्र मानिसहरु एकत्रित, जमघट भई भिडभाड हुने गरी होलिको कार्यक्रम आयोजना नगर्न आवश्यक व्यवस्था मिलाउनका साथै तपसिलमा उल्लेखित कार्यहरु प्रभावकारीरुपमा गर्न गराउन निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१. मानिसहरुको भिडभाड हुने सभा, सम्मेलन जस्ता औपचारिक कार्यक्रमहरु लगायत सामाजिक, धार्मिक कार्यक्रमहरु नगर्न नगराउन सार्वजनिक रुपमा आव्हान गर्ने ।
२. कोभिड-१९ को संक्रमण नियन्त्रणमा नआए सम्म तहाँ जिल्ला स्थित नेपाल प्रवेश गर्ने सिमानाकाहरुमा उच्च सतर्कता अपनाई आवागमन गर्ने यात्रुहरुको स्वास्थ्य जाँच/स्किनिङ्गको कार्यहरुलाई प्रभावकारीरुपमा गर्ने गराउने ।
३. अत्यावश्यक औपधी, मास्क, सेनिटाइजर र दैनिक उपभोग्य खाद्यवस्तुहरुको बजारमा नियमित तथा सहज आपुर्तिको व्यवस्थाका साथै बजार स्वच्छता कायम राख्न बजार अनुगमन र नियमन कार्यलाई प्रभाकारीरुपमा गर्ने गराउने ।

११/२२

..............................
(टिकामणि नेउपाउने)
उपसचिव